**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २८२**

**पुनरावेदन नं. ०७७-RB-०२७६**

**मुद्दाः- आयकर (२०७४/०७५) ।**

जिल्ला पर्सा विरगंज उ.प.न.पा. वडा नं. १३ आदर्शनगर स्थित एरोटेक प्रा.लि. (स्थायी लेखा नं. ३०००२०६१६) को तर्फबाट अख्तियार प्राप्त अधिवक्ता ओम कुमार दाहाल.........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मितिः- २०७६/०४/२३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७/०३/१४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमणकुमार कर्ण

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०४।२३ मा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७/०३/१४ मा भएको निर्णयमा चित्त नबुझाई सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन ,२०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्य क्षेत्र अन्तर्गत ग्यास सिलिन्डर उत्पादन तथा विक्रीको कारोवार गर्ने करदाता श्री एरोटेक प्रा. लि. ले आर्थिक बर्ष २०७४/०७५ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय उद्योग तर्फ रु.६,७२,५१,८७०।६८ देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७५।०९।२३ आय विवरण पेश गरेको।

२. प्रस्तुत करदाताको आ.ब. २०७४/०७५ को आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन छानबीन तथा हिसाब किताबको परीक्षण गर्दा आयकर ऐन २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दाबी भएको, व्यवसायको मुनाफा र लाभ तर्फ गणना हुनुपर्ने रकम समाबेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम उद्योग तर्फ रु.३,१५,५६,२८७।९७ र लगानी तर्फ रु.३,६७,३०,२८५।४१ संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुदां सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६/०३/१८ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/१८ मा जारी भएको सूचना करदाताले मिति २०७६/०३/२३ बुझी लिई सूचनाको जवाफ करदाताले मिति २०७६/०४/०५ मा पेश गरेको।

४. करदाताको आ.व. २०७४।०७५ को लागि देहाय अनुसार उद्योग तर्फ रु.३,१५,५६,२८७।९७ र लगानी तर्फ रु.३,६७,३०,२८५।४१ संशोधित करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०४/२३ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय ललितपुरले मिति २०७६।०४।२४ मा जारी गरेको आर्थिक वर्ष २०७४।०७५ को आयकरतर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई करदाताले बैंकमा राखेको रकम कम्पनीको व्यवसायबाट आर्जित रकम भएको र सो कर तिरेर आर्जन गरेको रकम भएको हुँदा पुनः कर निर्धारण गर्नु आयकर ऐन, २०५८ को उद्देश्य विपरित हुँदा बदर हुनुपर्ने समेत जिकिर लिई करदाता श्री एरोटेक प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०६।१६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. करदाताको मुख्य व्यवसाय उत्पादनमुलक उद्योग भएकोमा उत्पादनमुलक उद्योगको व्यवसाय गर्ने फर्मले लगानी भनी विभिन्न बैकमा **Fixed deposit** मा रकम राखी प्राप्त गरेको व्याज रकम उक्त फर्मको व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित भै प्राप्त गरेको रकम मान्न मिल्ने देखिएन। आयकर ऐन, २०५८ को अनुसुची १ को दफा २ बमोजिम कुनै निकायको करयोग्य आयमा २५ प्रतिशत कर लाग्ने र उत्पादनमूलक उद्योगको आयमा २० प्रतिशतको दरमा कर लाग्ने व्यवस्था रहेको एवं आयकर ऐन, २०५८ को दफा ११ (३) (ख) बमोजिम वर्षभरि १०० जना नेपाली नागरिकलाई रोजगारी प्रदान गर्ने विशेष उद्योगलाई लाग्ने करको ७० प्रतिशत मात्र कर लाग्ने व्यवस्था रहेको छ। निज करदाताले लगानीको व्याज आयमा समेत आयकर ऐन, २०५८ को अनूसूची १ को दफा २ बमोजिमको उत्पादनमूलक उद्योगको र दफा ११(३) (ख) बमोजिम छुट समेत लिई १४ प्रतिशत कर गणना गरेको पाइयो। उक्त व्याज आम्दानी लगानीबाट प्राप्त गरेको व्याज भएकोले आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (४) बमोजिम आय गणना गर्दा अन्य छुट्टै व्यक्तिद्वारा सो आय प्राप्त गरेसरह मानी आयको गणना गर्नुपर्ने व्यवस्था भएको हुँदा यसमा लगानीकर्ताको करयोग्य आय बमोजिम आयकर ऐन, २०५८ को अनुसूची १ को दफा २ को व्यवस्था अनुसार २५ प्रतिशत कर लाग्ने हुँदा लगानीको व्याज आम्दानीमा कार्यालयले गरेको कर निर्धारण मनासिव देखिन्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१४ मा भएको निर्णय।

७. विपक्षी कार्यालयले निवेदक कम्पनीसँग थप कर माग गर्नुको तादम्यता आयकर ऐन २०५८ को केही कुनै प्रावधानसँग मेल नखाने र विपक्षी कार्यालयले कुनै उद्योगले Fixed Deposit गरेकोमा लगानी भनी ट्रेडिङ व्यवसाय गरे सरह मानिने भन्ने व्यवस्था नभएको अवस्थामा निवेदक उद्योगको के, कति कारणबाट थप कर निर्धारण हुने हो सो नखुलाई शुरु कार्यालयबाट गरिएको निर्णय पर्चा तथा सोही आधारमा भएको कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व बिभागबाट भएको निर्णय समेत

त्रुटिपूर्ण रहेकोले बदर गरी पाँउ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०७।१६ मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०५/१० मा भएको आदेश ।

**<u>ठहर खण्ड</u>**

९. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एरोटेक प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले करदाता कम्पनी उत्पादनमुलक उद्योगले लगानी भनी विभिन्न बैंकमा **Fixed deposit** मा रकम राखी प्राप्त गरेको व्याज रकम व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएको मान्न नसकिने भनी उक्त व्याजलाई आयमा समावेश गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व बिभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण रहेकोले बदर गरी पाँउ भनी गर्नुभएको बहस सुनियो।

१०. प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको निर्णय तथा सोही निर्णय सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत विधिसम्मत रहेको हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत जिकिर सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठुला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्नेगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. करदाताको पुनरावेदन जिकिरतर्फ हेर्दा, करदाता कम्पनीले आफ्नो व्यवसायिक आयमा कर तिरिसकेको रकमबाट आर्जन गरेको व्याज आयमा कर छुट नदिने गरी भएको निर्णय बदर हुनुपर्दछ भन्ने रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको क्रममा करदाताको आ.व.२०७४।०७५ को वासलातमा लगानी भनी रु.४३,००,००,०००।- विभिन्न बैंकमा Fixed Deposit को रुपमा राखेको र सोको रु.३,६७,३०,२८५।४१ व्याज आम्दानीलाई उद्योगको आयबाट घटाई लगानीको आयमा कायम गर्नुपर्ने भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। करदाताले

आ.व.२०७४।०७५ को वासलातमा लगानी भनी NABIL बैंकमा रु.९,००,००,०००।— दुई बर्षको लागि र रु.४,००,००,०००।- एक बर्षको लागि र NIC Asia बैंकमा रु.६,००,००,०००।- दुई बर्षको लागि तथा रु.२१,००,००,०००।- एक बर्षको लागि र Standard Chartered Bank मा रु.३,००,००,०००।- एक बर्षको लागि गरी जम्मा रु.४३,००,००,०००।- Fixed Deposit को रुपमा राखेको भनी स्वीकार गरेको र उक्त लगानी Short term को लागि भएको भनी वासलातमा देखाएको देखिन्छ। सो लगानी Accumulated Profit को Utilization का लागि गरेको भनी उल्लेख भएको देखिन्छ। करदाताले आफ्नो पुनरावेदन जिकिरमा आफ्नो कम्पनीले विभिन्न बैंकमा नगद रहेको कुरालाई स्वीकार नै गरेको भएतापनि उक्त मौज्दात यसै आ. ब. २०७४/०७५ मा आर्जन भएको मुनाफा हो भनी ठोस तथा वस्तुनिष्ठ आधार पेश गर्न सकेको देखिदैन। मुलुकको औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिष्पर्धी बनाई औद्योगिक वस्तु वा सेवाको उत्पादन र रोजगारीका अवसर अभिबृद्धि गर्ने उद्देश्यले आयकर ऐन, २०५८ तथा औद्योगिक व्यवसाय ऐन, २०७६ मा समेत विभिन्न कर छुट तथा सुविधाको व्यवस्था गरिएको पाइन्छ। यसै उद्देश्य अनुरुप नै आयकर ऐन, २०५८ को दफा ११(३)(ख) बमोजिम वर्षभरी १०० जना नेपाली नागरिकलाई रोजगारी प्रदान गर्ने विशेष उद्योगलाई लाग्ने करको ७० प्रतिशत मात्र कर लाग्ने व्यवस्था रहेको देखिन्छ। पुनरावेदक करदाताले लगानीको व्याज आयमा समेत आयकर ऐन, २०५८ को अनूसूची १ को दफा २ बमोजिमको उत्पादनमूलक उद्योगको र दफा ११(३)(ख) बमोजिम छुट समेत लिई १४ प्रतिशत कर गणना गरेको मिसिलबाट देखिन्छ। करदाताले खर्च कट्टीको दावी गरेको बैंकबाट प्राप्त व्याज रकम र सोको साँवा समेत करदाताले यो आ. ब. २०७४/०७५ मा औद्योगिक वस्तु वा सेवाको उत्पादन वा रोजगारीका अवसर अभिबृद्धि हुने कार्यमा लगानी गरेको र त्यस्तो लगानीबाट आय आर्जन भएको कर योग्य आय रहेको देखिन आएन। उक्त व्याज रकम करदाताले विभिन्न बैंकमा Fixed Deposit मा राखेको रकम वापत बैकले नियमानुसार दिएको व्याज रकम हुँदा त्यस्तो आयमा आयकर ऐन, २०५८ को दफा ११(३)(ख) बमोजिम छुट पाउन सक्ने अवस्थाको देखिएन। साथै आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (४) बमोजिम आय गणना गर्दा अन्य छुट्टै व्यक्तिद्धारा सो आय प्राप्त गरे सरह मानी आयको गणना गर्नुपर्ने कानूनी व्यवस्था रहेको हुँदा करदाताले खर्च कट्टी गरेको व्याज रकममा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा २ को व्यवस्था अनुसार २५ प्रतिशतको दरले कर लाग्ने नै देखियो। यस्तो अबस्थामा लगानीको व्याज आम्दानीमा उत्पादनमूलक उद्योगको दर अनुसार छुट सहितको कर गणना गर्न पाउनु पर्ने भन्ने पुनरावेदक करदाताको जिकिरसँग सहमत हुन सकिएन।

१३. अतः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता एरोटेक प्रा.लि.(स्थायी लेखा नं. ३०००२०६१६) को आ.व. २०७४/०७५ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालयबाट मिति २०७६।०४।२३ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१४ मा भएको निर्णय समेत मिलकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुरमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

(बासुदेव खनाल)
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- भिष्म भट्टराई
कम्प्यूटर टाईपः प्रदिप तिवारी
ईति सम्वत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम् ------------------
फैसला प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप